चन्द्रनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चन्द्रनगर, सर्लाही ।
प्रदेश नं. २, नेपाल

प.स. :- २०७७/०७८
च.न. :-

मिति :२०७७/११/०३

**प्रथम पटक सुचना प्रकाशन मिति : २०७७/११/०३**

प्रस्तुत विषयमा चन्द्रनगर गाँउपालिका पशु सेवा शाखा तर्फ आ.व.२०७७/०७८ को वार्षिक स्वीकृत गाई/भैसीँ पालन कार्यक्रम अनुदान र स्वरोजगार मुलक सामुहिक बाखापालन कार्यक्रम अनुदान संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक समुह/कृषि सहकारी/व्यवसायिक फार्महरुले आवश्यक कागजात सहित यो सुचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन मिति २०७७/११/१७ गते भित्रमा चन्द्रनगर गाँउपालिका पशु सेवा शाखामा आवेदन दर्ता गर्नुहुन सम्बन्धीत सबैमा जानकारी गराइन्छ । सथै यस विषयमा थप जानकारीको लागी चन्द्रनगर गाँउपालिका पशु सेवा शाखामा सम्पर्क गर्नुहोला ।

**१. स्वरोजगार मुलक सामुहिक बाखापालन कार्यक्रम अनुदानको शर्तहरु**

- स्वरोजगार मुलक सामुहिक बाखा पालनमा बाखाको माउ कम्तीमा-२० वटा हुनुपर्दछ ।
- कम्तिमा २ वर्ष सम्म बाखा पालन फर्म सञ्चालनमा राख्नु पर्नेछ ।
- बाखा फर्मको हकमा प्रत्येक वडामा २ वटा बाखा पालन फर्मलाई प्रति फर्म रु ६००००/- (अक्षरेपी साठी हजारको दरले अनुदान रकम उपलब्ध गराइने छ ।

**२. गाई/भैसीँ पालन कार्यक्रम अनुदानको शर्तहरु**

- गाई/भैसीँ माउ कम्तीमा-१० वटा हुनुपर्दछ ।
- कम्तिमा ३ वर्ष सम्म गाई भैसीँ पालन फार्म सञ्चालनमा राखनु पर्नेछ ।
- गाई भैसी फार्मको हकमा प्रत्येक वडामा १ वटा फर्मलाई ३,५०,०००/-(अक्षरेपी तिन लाख पचास हजार मात्र) अनुदान रकम उपलब्ध गराईन्छ ।

**निवेदनले पेश गर्नुपर्ने कागजातहरु :**

१. सम्बन्धीत निकायमा कृषक समुह/कृषि सहकारी/ फार्महरुको दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी ।
२. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन)को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्र ।
३. निवेदकको नागरीकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।
४. कार्य समितिको निर्णयको प्रतिलिपी ।
५.सम्बन्धीत वडा कार्यालयको सिफारिस ।

सम्पर्क न.-९८४२६०२७९७
सम्पर्क न -९८६४११६०११

राकेश कुमार महतो
ना.प.से.प्रा.

अशोक शाह
प्रमुख प्रशासकीय अधिकृत